कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६१10८३
दर्ता मिति: २०८३।०६।०६

# सांस्कृतिक तथा राष्ट्रिय महत्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावनाः सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा निर्माण हुने यथार्थपरक, मौलिक, जनचेतनामूलक चलचित्रको स्क्रिप्ट, प्रोडक्सन र पोष्ट प्रोडक्सन कार्यलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धी प्रक्रियालाई पारदर्शी, प्रभावकारी र व्यवस्थित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सांस्कृतिक तथा राष्ट्रिय महत्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "प्रोडक्सन" भन्नाले चलचित्रको स्क्रिप्टलाई क्यामराको माध्यमबाट दृश्यमा उतार्ने चलचित्र निर्माण अन्तर्गत छाँयाङ्कनको चरणलाई सम्झनु पर्छ।

(ख) "पोष्ट प्रोडक्सन" भन्नाले चलचित्र छाँयाङ्कन समाप्त भए पश्चात गर्नुपर्ने सम्पादन लगायतका अन्य प्राविधिक कार्य सम्झनु पर्छ।

(ग) "प्रोत्साहन अनुदान" भन्नाले मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सम्बद्ध संस्था वा व्यक्तिलाई उपलब्ध गराउने अनुदान रकम सम्झनु पर्छ।

(घ) "बोर्ड" भन्नाले चलचित्र विकास बोर्ड सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले चलचित्र निर्माण गर्न प्रचलित कानून बमोजिम दर्ता भएको कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।

(ज) "स्क्रिप्ट" भन्नाले चलचित्रको कथा, पटकथा र संवाद समेतलाई सम्झनु पर्छ।

३. प्रोत्साहन अनुदान सम्बन्धी व्यवस्थाः मन्त्रालयले सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माण सम्बन्धी कार्यमा प्रोत्साहन गर्न वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी छनोट भएका व्यक्ति वा संस्थालाई स्क्रिप्ट लेखन, प्रोडक्सन र पोष्ट प्रोडक्सनको विधामा प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

कुमार पौडेल
मा. डा. विकास निमिछिन्न

४. <u>सूचना प्रकाशन गर्नुपर्ने</u>: (१) सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माणको माध्यमबाट योगदान पुऱ्याउने मौलिक र जनचेतनामूलक स्क्रिप्ट वा चलचित्रलाई प्रोत्साहन गर्न मन्त्रालयले राष्ट्रियस्तरको पत्रिकामा बढीमा एक्काइस दिनको समयावधि तोकी आवेदनका लागि संक्षिप्त विवरण सहितको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको विस्तृत विवरण सहितको जानकारी मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

५. <u>आवेदन दिनु पर्ने</u>: सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र (स्क्रिप्ट, प्रोडक्सन र पोष्ट प्रोडक्सन) को निर्माण कार्य गरिरहेका व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्न चाहेमा दफा ४ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा आवेदन दिनु पर्नेछ।

६. <u>आवेदन दिँदाका सर्तहरू</u>: स्क्रिप्ट लेखन, प्रोडक्सन र पोष्ट प्रोडक्सनको विधामा आवेदन दिँदा पालन गर्नुपर्ने सर्तहरु देहाय बमोजिम हुनेछ:-

(क) स्क्रिप्ट लेखन

(१) स्क्रिप्ट लेखक नेपाली नागरिक हुनु पर्नेछ।

(२) व्यक्ति स्वयम् वा चलचित्र निर्माण गर्ने संस्थाको तर्फबाट आवेदन दिनु पर्नेछ।

(३) स्क्रिप्ट नेपाली देवनागरी लिपि वा राष्ट्र भाषामा लेखिएको र चलचित्रको शीर्षक समेत सोही भाषामा राखिएको हुनु पर्नेछ।

(४) स्क्रिप्ट कथानक चलचित्रको हुनु पर्नेछ।

(५) बोर्डबाट चलचित्र निर्माण गर्न इजाजतपत्र प्रदान गरिसकेका कथाको स्क्रिप्टलाई छनोट गरिने छैन।

(६) चलचित्र निर्माणको लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएको स्क्रिप्टको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

(७) आवेदनसाथ चलचित्रको स्क्रिप्ट र सोको डिजिटल प्रति समेत पेस गर्नु पर्नेछ।

(८) स्क्रिप्ट लेखकले यस अघि कम्तीमा दुईवटा चलचित्रको स्क्रिप्ट लेखेको स्वःघोषणा गरेको हुनु पर्नेछ ।

(९) आवेदन सम्बन्धी अन्य सर्तहरु आवेदन फाराममा उल्लेख भए बमोजिम हुनेछ।

(ख) प्रोडक्सन र पोष्ट प्रोडक्सन

(१) स्क्रिप्ट लेखक नेपाली नागरिक हुनु पर्नेछ।

(२) चलचित्र निर्माण गर्ने संस्थाले बोर्डबाट चलचित्र निर्माण गर्न प्राप्त गरेको इजाजतपत्र सहित आवेदन दिनु पर्नेछ।

(३) स्क्रिप्ट नेपाली देवनागरी लिपि वा राष्ट्र भाषामा लेखिएको हुनु पर्नेछ। चलचित्रको शीर्षक समेत सोही भाषाको हुनु पर्नेछ।

(४) स्क्रिप्ट कथानक चलचित्रको हुनु पर्नेछ।

राजेन्द्र कुमार पौडेल
सचिव

विक्रम तिमिल्सिना

(५) चलचित्रको स्क्रिप्ट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पेस गर्नु पर्नेछ।

(६) आवेदनसाथ चलचित्रको स्क्रिप्ट र सोको डिजिटल प्रति समेत पेस गर्नु पर्नेछ।

(७) प्रोडक्सन वा पोष्ट प्रोडक्सनको काम सम्झौताको सर्त बमोजिम हुनु पर्नेछ।

(८) चलचित्र निर्माता वा निर्देशकले यस अघि कम्तीमा दुईवटा चलचित्रको निर्माण वा निर्देशन गरेको स्वःघोषणा गरेको हुनु पर्नेछ ।

(९) प्रोडक्सन र प्रोस्टप्रोडक्सन सम्बन्धी कार्ययोजना संलग्न गर्नु पर्नेछ।

(१०)आवेदन सम्बन्धी अन्य सर्तहरु आवेदन फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

७. <u>स्क्रिप्ट, प्रोडक्सन र प्रोस्टप्रोडक्सन छनोटका आधार:</u> दफा ५ बमोजिम प्राप्त आवेदनसाथ संलग्न स्क्रिप्ट, प्रोडक्सन र प्रोस्टप्रोडक्सनको छनोटको आधार देहायबमोजिम हुनेछन्ः-

(क) राष्ट्रिय महत्वका ऐतिहासिक घटनाक्रम, भौगोलिक क्षेत्र विशेष, प्राकृतिक सौन्दर्यको विषयबस्तु, घटनाक्रम र कालखण्डलाई तोडमोड नगरी मौलिक स्वरुपमा चित्रण गरिएको,

(ख) देशको सार्वभौमसत्ता, स्वतन्त्रता, राष्ट्रिय एकता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय गौरव, सामाजिक सद्भाव र सहिष्णुता कायम गरी प्रस्तुत गरिएको,

(ग) देशको प्राकृतिक सौन्दर्य, सामाजिक एवं साँस्कृतिक विविधतालाई उजागर गरिएको,

(घ) विषयवस्तु मौलिक, सिर्जनात्मक, कलात्मक रुपमा प्रस्तुत गरिएको, र

(ङ) पहिले निर्माण भइसकेका चलचित्रको कथावस्तुलाई नक्कल वा रुपान्तरण नगरिएको।

८. <u>मूल्याङ्कन तथा छनोट समितिको गठन सम्बन्धी व्यवस्था:</u> (१) दफा ६ र ७ बमोजिमका सर्त र आधार अनुसार स्क्रिप्ट, प्रोडक्सन र प्रोस्टप्रोडक्सनको मूल्याङ्कन तथा छनोट गरी मन्त्रालयमा सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको मूल्याङ्कन तथा छनोट समिति गठन गर्नेछः-

(क) मन्त्रालयको सम्बन्धित क्षेत्र हेर्ने सहसचिव -संयोजक

(ख) चलचित्र निर्माता, निर्देशक, लेखक, वितरक वा चलचित्र सम्बन्धी प्राविधिक ज्ञान भएका ख्याति प्राप्त व्यक्ति मध्येबाट एक जना महिला सहित मन्त्रालयले तोकेको दुई जना - सदस्य

(ग) चलचित्र विकास बोर्डले तोकेको बोर्डको प्रतिनिधि - सदस्य

(घ) उपसचिव लेखा, आर्थिक प्रशासन शाखा - सदस्य

(ङ) उपसचिव, श्रव्य दृष्य तथा प्रसारण शाखा - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

(३) समितिले आवश्यक ठानेमा सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

(५) स्क्रिप्ट, प्रोडक्सन र प्रोस्टप्रोडक्सनको मूल्याङ्कनको लागि समितिको बैठकमा सहभागी भए वापत अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका बमोजिम बैठक भत्ता र अन्य सुविधा पाउनेछन्।

९. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चलचित्रको स्क्रिप्ट अध्ययन गरी स्क्रिप्टको अनुसूची-२ बमोजिम, प्रोडक्सनको अनुसूची-३ बमोजिम र पोष्ट प्रोडक्सनको अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी स्क्रिप्टमा पाँच वटा, प्रोडक्सनमा तीन वटा र पोष्ट प्रोडक्सनमा पाँच वटा औषतमा उच्च अङ्क ल्याउने स्क्रिप्ट वा चलचित्र छनोट गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(ख) प्रोडक्सनका लागि छनोट भएका चलचित्रको हकमा छायाङ्कन र फुटेजको जाँच, गुणस्तरीय प्रविधिको प्रयोग एवम् सम्झौताका सर्तहरुको पालना भए नभएको समेत मूल्याङ्कन गरी दफा १४ बमोजिम भुक्तानीको लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(ग) पोष्ट प्रोडक्सनका लागि छनोट भएका चलचित्रको हकमा गुणस्तरीय प्रविधिको प्रयोग, कलर संयोजन तथा ध्वनी संमिश्रण लगायत सम्पूर्ण कार्यहरु एवम् सम्झौताका सर्तहरुको पालनाको भए नभएको समेत मूल्याङ्कन गरी दफा १४ बमोजिम भुक्तानीको लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(घ) मूल्याङ्कन सम्बन्धी कार्यको सम्पूर्ण दायित्व र जवाफदेहिता मूल्याङ्कनकर्ता स्वयंको हुनेछ।

१०. <u>बोर्डले सिफारिस गर्नुपर्ने:</u> (१) दफा ८ बमोजिमको समितिले छनोट गरेका स्क्रिप्ट, प्रोडक्सन तथा पोष्ट प्रोडक्सनको कार्य सम्पन्न भए नभएको विषयमा सिफारिस गर्न मन्त्रालयले बोर्डलाई लेखी पठाउनु पर्नेछ।

(२) बोर्डले प्राप्त भएका स्क्रिप्ट, प्रोडक्सन तथा पोष्ट प्रोडक्सनको सम्पूर्ण प्राविधिक पक्षको जाँच गरी सम्झौताको सर्त बमोजिम कार्य सम्पन्न भए नभएको यकिन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्दा बोर्डले आवश्कतानुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्य सम्पन्न भएपश्चात् योग्य स्क्रिप्ट, प्रोडक्सन तथा पोष्ट प्रोडक्सन गरे वापत प्रोत्साहन अनुदान भुक्तानीका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

११. <u>प्रोत्साहन अनुदान उपलब्ध गराउने:</u> (१) बोर्डले सिफारिस गरेका स्क्रिप्ट, प्रोडक्सन तथा पोष्ट प्रोडक्सनलाई मन्त्रालयले प्रोत्साहन अनुदान उपलब्ध गराउनेछ।

राजेन्द्र कुमार पौडेल
सचिव

डा. विक्रम तिमिल्सिना

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन अनुदान रकम अधिकतम देहाय बमोजिमको संख्यामा उपलव्ध गराउन सकिनेछ।

(क) स्क्रिप्ट लेखन पाँच वटा

(ख) प्रोडक्सन तीन वटा, र

(ग) पोष्ट प्रोडक्सन पाँच वटा

१२. <u>सम्झौता गर्दाका बखत पेस गर्नुपर्ने विवरण एवं कागजात:</u> (१) मन्त्रालय र सम्बन्धित पक्षबीच दफा ११ बमोजिम छनोट भएका चलचित्रको स्क्रिप्टको लागि प्रदान गरिने प्रोत्साहन अनुदानको विषयमा सम्झौता गर्दा देहायका कागजात एवं विवरण पेस गर्नु पर्नेछः-

(क) स्क्रिप्ट लेखकको नाम र ठेगाना,

(ख) चलचित्र निर्माणको कार्ययोजना,

(ग) स्क्रिप्ट लेखक र निर्माण पक्ष बीच सम्झौता भएको भए, सो सम्झौताको प्रमाणित प्रतिलिपि।

(२) मन्त्रालय र सम्बन्धित पक्षबीच दफा ८ बमोजिम छनोट भएका चलचित्रको प्रोडक्सन र पोष्ट प्रोडक्सनको लागि प्रदान गरिने प्रोत्साहन अनुदानको विषयमा सम्झौता गर्दा देहायका कागजात एवं विवरण पेस गर्नु पर्नेछः-

(क) स्क्रिष्ट लेखकको नाम र ठेगाना,

(ख) निर्माताको नाम र ठेगाना,

(ग) निर्देशकको नाम र ठेगाना,

(घ) चलचित्र निर्माण गर्ने संस्थाको नाम र ठेगाना,

(ङ) चलचित्र निर्माण गर्ने साझेदार संस्था कुनै भए,

(च) क्यामराको किसिम,

(छ) चलचित्र निर्माण सम्पन्न गर्ने समय (अवधि),

(ज) चलचित्रको प्रस्तावित समय (अवधि),

(झ) चलचित्र निर्माण गर्न लाग्ने अनुमानित लागत,

(ञ) चलचित्र निर्माणको कार्ययोजना,

(ट) छायाँकारको नाम,

(ठ) चलचित्रमा रहने कलाकारको नाम र जम्मा संख्या,

(ड) लेखक, निर्माता, निर्देशक, छायाँकार र मुख्य कलाकारको व्यक्तिगत विवरण (बायोडाटा),

(ढ) स्क्रिप्ट लेखक र निर्माण पक्ष अलग अलग भई दुबै पक्ष बीच सम्झौता भएको भए, सो सम्झौताको प्रमाणित प्रतिलिपि,

(ण) चलचित्र निर्माण गर्ने कम्पनी वा संस्थाको दर्ता प्रमाण र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

राजेन्द्र कुमार पौडेल
सचिव
तिमिल्सिना

(त) चलचित्र निर्माण गर्ने कम्पनी वा संस्थाको अघिल्लो आ.व. सम्मको करचुक्ता प्रमाण पत्र र कम्पनी अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि।

१३. <u>मन्त्रालय र सम्बन्धित पक्षबीच सम्झौताका सर्त:</u> दफा ८ बमोजिम छनोट भएका स्क्रिप्ट, प्रोडक्सन र पोष्ट प्रोडक्सनको अनुसूची-५ बमोजिम मन्त्रालय र सम्बन्धित पक्षबीच हुने सम्झौताका सर्तहरु देहाय बमोजिम हुनेछन:-

(क) दुई प्रति स्क्रिष्ट पेस गर्नुपर्ने,

(ख) प्रोडक्सन र पोष्ट प्रोडक्सनको हकमा सम्झौता भएपछि काम शुरु गरेको जानकारी गराई सम्झौताको अविधिभित्र काम सम्पन्न गर्नु पर्ने,

(ग) स्क्रिप्ट र कार्ययोजना बमोजिम चलचित्र निर्माण गर्नु पर्ने,

(घ) स्क्रिप्ट संशोधन वा कार्ययोजनामा परिमार्जन गर्नुपरेमा मन्त्रालयको सहमति लिनुपर्ने,

(ङ) स्क्रिष्ट, प्रोडक्सन र पोष्ट प्रोडक्सनको प्रगति विवरण प्रत्येक दुई महिनामा मन्त्रालय समक्ष पेस गर्नु पर्ने,

(च) प्रोत्साहन अनुदानमा निर्माण गरिएको चलचित्रमा मन्त्रालयबाट प्रोत्साहन अनुदानमा निर्माण गरिएको विषय चलचित्रको पर्दामा उल्लेख गर्नु पर्ने,

(छ) चलचित्रको पोष्ट प्रोडक्सन बापतको रकम माग गर्दा पोष्ट प्रोडक्सन गरिने व्यक्ति/संस्थाको नाम र ठेगाना तथा अनुभव सहितको विवरण पेस गर्नु पर्ने,

(ज) चलचित्रको समयावधि कम्तीमा नब्बे मिनेटको हुनु पर्ने,

(झ) चलचित्रको छाँयाङ्कन कम्तीमा 4k प्रविधिको क्यामेराले गर्नु पर्ने,

(ञ) चलचित्र छाँयाङ्कन गरिने स्थानको फोटो पेस गर्नु पर्ने,

(ट) प्रोत्साहन अनुदान प्राप्त कम्पनी वा संस्थाले चलचित्र निर्माण गर्नुपर्ने,

(ठ) अनुदानबाट प्राप्त रकमबाट कुनै पनि उपकरण खरिद गर्न नहुने,

(ड) कृत्रिम बौद्धिकताको प्रयोग गरी काम गर्न नहुने,

(ढ) सम्झौता बमोजिमको काम सम्बन्धित आर्थिक वर्षभित्र सम्पन्न गरी सक्नु पर्ने,

(ण) प्रत्येक कलाकारले फौजदारी मुद्दा नलागेको भनी स्वघोषणा गर्नुपर्ने।

१४. <u>प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया:</u> (१) दफा १० बमोजिम बोर्डको सिफारिसमा मन्त्रालयले प्रोत्साहन अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम उपलब्ध गराउँदा छनौट भएको संस्था वा व्यक्तिले कार्ययोजना पेस गरे पश्चात् सम्झौता बमोजिम प्रदान गरिने अनुदान रकमको बीस प्रतिशत रकम सुरुमा उपलब्ध गराउनेछ ।

(३) प्रोत्साहन अनुदानको बाँकी रकम सम्झौताका सर्तहरु बमोजिम कार्य सम्पन्न भएको भनी बोर्डले गरेको सिफारिसको आधारमा उपलब्ध गराउनु पर्नेछ ।

राजेन्द्र कुमार पौडेल
सचिव

डा. विक्रम तिमिल्सिना

(४) प्रोत्साहन अनुदान उपलब्ध गराउँदा भुक्तानीका प्रत्येक चरणमा व्यक्तिका हकमा आयकरमा दर्ता भएको र संस्थाको हकमा मूल्य अभिबृद्धि करमा समेत दर्ता भएको स्थायी लेखा नम्बर उल्लेखित विजक पेस गर्नु पर्नेछ।

१५. <u>प्रोत्साहन अनुदान वा सिफारिसको सीमा:</u> (१) प्रोत्साहन अनुदान उपलब्ध गराउँदा विनियोजित वार्षिक बजेट र यस कार्यविधिको अधीनमा रही उपलब्ध गराउनु पर्नेछ।

(२) प्रोत्साहन अनुदान सिफारिस गर्न र अनुगमन गर्दा लाग्ने प्रशासनिक खर्च बापतको रकम सोही विनियोजित बजेटबाट व्यहोरिनेछ।

(३) स्क्रिप्ट लेखनमा प्रति स्क्रिप्ट बढीमा पाँच लाख, प्रोडक्सनका लागि प्रति चलचित्र बढीमा सत्तरी लाख र पोष्ट प्रोडक्सनका लागि प्रति चलचित्र बढीमा बीस लाखको सीमाभित्र रहेर समितिले सिफारिस गर्नु पर्नेछ।

(४) बोर्डले कार्यगत सर्त बमोजिम कार्य सञ्चालत तथा सम्पन्न गरे नगरेको सम्बन्धमा प्रतिवेदन प्राप्त भए पछि मात्र मन्त्रालयले अन्तिम रकम निकासा गर्नेछ।

१६. <u>खर्च, लेखा र लेखापरीक्षण:</u> (१) सम्बन्धित व्यक्ति वा संस्थाले आफूले प्राप्त गरेको प्रोत्साहन अनुदान खर्चको तेरिज सहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) सम्बन्धित व्यक्ति वा संस्थाले आफुले प्राप्त गरेको प्रोत्साहन अनुदान सोही आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको अवस्थामा यस्तो रकम सोही आर्थिक वर्षमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ बमोजिम मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बाँकी रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह ब्याज सहित असुल उपर गरिनेछ।

(४) सम्बन्धित व्यक्ति वा संस्थाले आफूले प्राप्त गरेको प्रोत्साहन अनुदान रकमको लेखापरीक्षणको प्रयोजनार्थ दफा १२ बमोजिमका कागजात समेत संलग्न गर्नु पर्नेछ।

१७. <u>प्राथमिकता दिनुपर्ने:</u> प्रोत्साहन अनुदान प्राप्त गरेका स्क्रिप्ट र प्रोडक्सनलाई आगामी आर्थिक बर्षमा चलचित्र निर्माणको लागि मन्त्रालयले प्रोत्साहन अनुदान उपलब्ध गराउँदा प्राथमिकता दिन सक्नेछ।

१८. <u>निर्देशन तथा सुझाव पालना गर्नुपर्ने:</u> मन्त्रालयले समिति तथा सम्बन्धित पक्षलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ। यसरी दिएको निर्देशन तथा सुझावको पालना गर्नु समिति तथा सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

१९. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

राजेन्द्र कुमार पौडेल
सचिव

विक्रम तिमिल्सिना

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

<u>प्रोत्साहन अनुदानको लागि पेस गर्नु पर्ने आवेदन फाराम</u>

श्री सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषयः** मैले/हामीले सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माणसँग सम्बन्धित चलचित्रलाई प्रोत्साहन अनुदानका लागि देहायका विवरणहरु खुलाई आवेदन पेस गरेको छु/छौं।

१. चलचित्र/स्क्रिप्टको नाम :
२. विधा : स्क्रिप्ट / प्रोडक्सन / पोष्टप्रोडक्सन
२. कथाकार :
३. पटकथाकार :
४. भाषा :
५. सम्पर्क नम्बर र ई-मेल ठेगाना :

यसमा लेखिएको विवरण सही साँचो हो, झुटा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

आवेदकको नाम थरः ..................
दस्तखतः..................................
मितिः..............................

<u>आवेदनसाथ पेस गर्नुपर्ने कागजातहरुः</u>

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. चलचित्रको कथा, पटकथा र संवाद सहितको पूर्ण स्क्रिप्ट र सोको सफ्टकपी।
३. प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा स्क्रिप्ट दर्ता गरेको प्रमाण पुष्टि हुने कागजातको प्रतिलिपि।
४. प्रोडक्सन र पोष्टप्रोडक्सन विधामा आवेदन दिनेको हकमा चलचित्र विकास बोर्डबाट निर्माण कम्पनीले चलचित्र निर्माणको लागि लिएको इजाजतपत्र,
५. प्रोडक्सन र पोष्टप्रोडक्सन विधामा आवेदन दिनेको हकमा चलचित्र निर्माणको विस्तृत कार्ययोजना,
६. कुनै व्यक्ति वा संस्थासँगको कथावस्तु भए सम्बन्धित व्यक्ति वा संस्थाको सहमति/स्वीकृति पेस गर्नु पर्नेछ।

राजेन्द्र कुमार पौडेल
सचिव

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

## स्क्रिप्ट मूल्याङ्कन फाराम

| क्र.स. | चलचित्र /स्क्रिप्ट को नाम | भाषा | कथा (२० अंक भार) | पटकथा (१५ अंकभार) | संवाद (१० अंक भार) | आफ्नोपन/मौलिकता (१५ अंकभार) | ऐतिहासिक/ सामाजिक/ सन्देशूलक (१० अंकभार) | सत्य एवं प्रेरणादायी घटनाक्रम (१० अंकभार) | कलात्मकता र चरित्र चित्रण (१० अंकभार) | संस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा योगदान गर्ने (१० अंकभार) | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

राजेन्द्र कुमार पौडेल
सचिव

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

अनुसूची- ३

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

## प्रोडक्सन मूल्याङ्कन फाराम

| क.स. | चलचित्र/स्क्रिप्टको नाम तथा भाषा | कथा, पटकथा तथा संवाद (१० अंकभार) | आफ्नोपन/मौलिकता (१० अंकभार) | ऐतिहासिक/सामाजिक/सन्देशूलक/जनचेतनामूलक/ सत्य एवं प्रेरणादायी घटनाक्रम (२० अंकभार) | कलात्मकता(१० अंकभार) | कथा अनुसार पटकथा, संवाद को उचित प्रयोग (५ अंकभार ) | भेषभूषा र लवजको संयोजन परिवेश र चरित्र चित्रण (१५ अंकभार) | उपयुक्त ढंगले विधागत गुणस्तरीय प्रविधिको प्रयोग (१५ अंकभार) | सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा योगदान गर्ने (१५ अंकभार) | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

राजेन्द्र कुमार पौडेल
सचिव

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-७
(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

## पोष्ट प्रोडक्सन मूल्याङ्कन फाराम

| क्र.स. | चलचित्रको नाम | दृश्य सम्पादन, दृश्य क्रम, गति तथा कथाको निरन्तरता (१० अंकभार) | ध्वनि सम्पादन, संवादको स्पष्टता, ध्वनि सन्तुलन तथा मिक्सिङ (१० अंकभार) | पृष्ठभूमि सङ्गीत, मौलिक धुन तथा ध्वनि प्रभावको उपयुक्तता कुअन्तिम मास्टर फाइल, निर्धारित फर्म्याट, रिजोल्युसन, फ्रेमरेट तथा ध्वनि–दृश्य समक्रमण (१५ अंकभार) | रङ संयोजन, कलर ग्रेडिङ तथा दृश्यहरूको रङगत निरन्तरता (१० अंकभार) | दृश्य प्रभाव (VFX), एनिमेसन, ग्राफिक्स तथा शीर्षकको गुणस्तर (५ अंकभार) | दृश्य स्पष्टता, एक्सपोजर, फ्रेमिङ तथा प्राविधिक त्रुटिको अवस्था (५) अंकभार) | उपशीर्षक, भाषिक शुद्धता, संवादको समय मिलान तथा आवश्यक पहुँचयोग्यता (५) अंकभार) | प्रतिलिपि अधिकार, सङ्गीत/ फुटेज/ तस्बिर को प्रयोग अनुमति तथा आवश्यक सहमति कागजात (५) अंकभार) | सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा योगदान गर्ने (२०) | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

राजेन्द्र कुमार पौडेल
सचिव

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री

अनुसूची-५

(दफा १३ सँग सम्बन्धित)

## नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय र अनुदान पाउने व्यक्ति/निकाय वीच सम्बन्धित कार्यक्रम सञ्चालन गर्नका लागि गरिएको सम्झौतापत्र

नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय (यसपछि पहिलो पक्ष भनिएको) र प्रोत्साहन अनुदान पाउने व्यक्ति/निकायको नाम (यसपछि दोस्रो पक्ष भनिएको) का वीच लागु हुनेगरी यो सम्झौतापत्र तयार गरिएको छ। प्रोत्साहन अनुदान पाउने व्यक्ति/निकायको नामलाई सम्बन्धित कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति निर्णय मिति को निर्णयानुसार विनियोजन भएको रकम रु. तोकिएको रकम पहिलो पक्षले दोस्रो पक्षलाई कार्यविधिमा तोकिए बमोजिम निकासा दिने र दोस्रो पक्षले देहायका सर्तहरूको अधीनमा रही कार्यक्रम सम्पन्न गरी सोको प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझिलियौं/दियौं।

सर्तहरू

१. पहिलो पक्ष समक्ष पेस गरिएको अवधारणापत्र बमोजिमको कार्ययोजनामा उल्लिखित क्रियाकलापमा मात्र प्रोत्साहन अनुदान खर्च गर्नु पर्नेछ।

२. दोस्रो पक्षले पेस गरेको कार्यक्रम/कार्ययोजनामा केही परिवर्तन गर्नुपरेमा पहिलो पक्षको स्वीकृति पश्चात् आवश्यकता र औचित्यको आधारमा मात्र परिवर्तन गर्न सकिनेछ।

३. विनियोजित रकम निकासा यसै कार्यविधि बमोजिम गरिनेछ।

४. पहिलो किस्ताको कार्य प्रगति सन्तोषजनक नभएमा वा समयमै पेस नगरेमा मन्त्रालयले दोस्रो किस्ता रोक्का गर्न सक्नेछ। सम्झौता भएकै आधारमा रकम भुक्तानी सम्बन्धी दायित्व सृजना भएको मानिने छैन।

५. कार्यक्रम सञ्चालन पश्चात सोबाट प्राप्त भएको उपलब्धी सहितको प्रगति प्रतिवेदन एक महिनाभित्र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

६. दोश्रो पक्षले प्रचलित कानून बमोजिम उक्त आय तथा व्ययको लेखा राख्नुपर्नेछ र प्रचलित कानून बमोजिम स्वीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

७. सम्झौता भए बमोजिमको कार्यक्रममा प्रोत्साहन अनुदान खर्च नगरी दुरूपयोग गरेमा त्यसको जिम्मेवारी अनुदान लिने संस्था र संस्थाका पदाधिकारीको हुनेछ।

८. अनुदान रकम संस्थाको प्रशासनिक र उपभोग खर्च, कर्मचारीको तलब वा भत्तामा उपयोग गर्न पाइने छैन।

९. दोस्रो पक्षले पहिलो पक्षसँग आवश्यक समन्वय गरी सम्बन्धित कार्यक्रम गर्नु पर्नेछ।

राजेन्द्र कुमार पौडेल
सचिव

प्रा. डा. विक्रम तिमिल्सिना

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरवार, काठमाडौं

१०. विनियोजित रकमबाट तोकिएको कार्यक्रम चालु आर्थिक वर्षमै सञ्चालन गर्नु पर्नेछ। कुनै कारणबस कार्यक्रम सञ्चालन हुन नसकी आर्थिक वर्षको अन्त्यमा प्रोत्साहन अनुदान रकम बाँकी भएमा उक्त रकम अनिवार्य रूपमा पहिलो पक्षसमक्ष फिर्ता गर्नु पर्नेछ।

११. अनुदान रकम खर्च गर्दा यस मन्त्रालयद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ८१ को उपनियम (१) बमोजिम लागु गरिएको आन्तरिक नियन्त्रण प्रणाली, २०७८ तथा नेपाल सरकारद्वारा निर्धारित कार्यविधि एवम् सम्बद्ध मापदण्डहरू पूर्णरूपमा पालना गर्नु पर्नेछ।

१२. सम्बद्ध पक्षहरूबीच अनुदान रकम निकासा र खर्च सम्बन्धमा कुनै विवाद सृजना भएमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ सो निर्णय दुवै पक्षले पालना गर्नु पर्नेछ ।

| <u>पहिलो पक्षको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको</u> | <u>दोस्रो पक्षको तर्फबाट हस्ताक्षर गर्ने</u> |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम थर: | नाम थर: |
| पद: उपसचिव | पद:अध्यक्ष/प्रमुख/आधिकारिक प्रतिनिधि |
| कार्यालय: सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार। | कार्यालय: *<u>प्रोत्साहन अनुदान पाउने संस्थाको नाम।</u>* |

<u>साक्षीहरू</u>

श्री .............., *<u>पद, प्रोत्साहन अनुदान पाउने निकायको नाम।</u>*

श्री................, शाखा अधिकृत, सूचना तथा सञ्चार मन्त्रालय।

इति सम्वत् ...... साल ............ महिना ..... गते .........रोज ........ शुभम्।

राजेन्द्र कुमार पौडेल
सचिव

मा. डा. विक्रम तिमिल्सिना
मन्त्री